# मेलुङ गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : २, संख्या : १, मिति : २०७५/०२/११ (अतिरिक्ताङ्क १)

## भाग-१

## आधारभूत तथा माध्यमिक शिक्षा ऐन, २०७५

**मेलुङ गाउँपालिका**

**प्रदेश नं. ३**

**भेड्पु, दोलखा**

नेपालको संविधानको धारा २२२ बमोजिमको मेलुङ गाउँपालिकाको गाउँसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत २०७५ सालको ऐन नं. १

# आधारभूत तथा माध्यमिक शिक्षा ऐन, २०७५

**गाउँ सभाबाट स्वीकृत मिति : २०७५/०२/०५**

**प्रस्तावना** : आधारभूत तथा माध्यमिक शिक्षाको आधार बलियो बनाउँदै गुणस्तरीय शिक्षाको माध्यमबाट स्थानीय तहको विकास तथा राष्ट्र निर्माणको गतिलाई तीब्रता दिई अगाडि बढाउन सक्षम एवम् प्रतिस्पर्धी जनशक्ति तयार गर्न र विद्यालय शिक्षा बाहिर रहेकाहरुलाई अनौपचारिक शिक्षाको माध्यमबाट सबल बनाउन नेपालको संविधानको धारा २२६, स्थानीय सरकार सञ्चालन ऐन, २०७५ को दफा ११ र दफा १०२ को अधिकार प्रयोग गरी यो ऐन बनाइएको छ।

## परिच्छेद –१

## प्रारम्भिक

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ :** (१) यस ऐनको नाम "आधारभूत तथा माध्यमिक शिक्षा ऐन, २०७५" रहेको छ।

(२) यो ऐन मेलुङ गाउँपालिका भित्र लागू हुनेछ।

(३) यो ऐन कार्यपालिकाले राजपत्रमा प्रकाशन गरेपश्चात प्रारम्भ हुनेछ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "अनुमति" भन्नाले तोकिए बमोजिमको सर्त तथा मापदण्ड पूरा गरेको विद्यालयलाई विद्यालय सञ्चालन गर्न वा कक्षा थप गर्न कार्यपालिकाले दिएको स्थायी वा अस्थायी स्वीकृतिलाई जनाउँछ।

(ख) "अनौपचारिक शिक्षा" भन्नाले विद्यालयमा भर्ना भई निरन्तर रुपमा शिक्षा हासिल गर्न नसक्ने व्यक्तिलाई दिइने शिक्षा सम्झनु पर्दछ।

(ग) "अभिभावक" भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनी

विद्यालयको अभिलेखमा जनिएको बाबु वा आमा वा बाजे वा बज्यै, सासु वा ससुरा र त्यस्ता अभिभावक नभएका विद्यार्थीको हकमा त्यस्तो विद्यार्थीलाई संरक्षकत्व प्रदान गर्ने व्यक्तिलाई समेत जनाउँछ ।

(घ) "आधारभूत विद्यालय" भन्नाले खण्ड (च) बमोजिम शिक्षा दिइने विद्यालय सम्झनु पर्छ ।

(ङ) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बालशिक्षा देखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(च) "प्राथमिक शिक्षा उत्तीर्ण परीक्षा" भन्नाले प्राथमिक तहको अन्त्यमा लिइने परीक्षा सम्झनु पर्छ ।

(छ) "आधारभूत शिक्षा उत्तीर्ण परीक्षा" भन्नाले आधारभूत तहको अन्त्यमा लिइने परीक्षा सम्झनु पर्छ ।

(ज) "आवासीय विद्यालय" भन्नाले तोकिएको पूर्वाधार विकास गरी आवास सहितको सुविधा प्रदान गर्ने विद्यालयलाई जनाउँछ ।

(झ) "कर्मचारी" भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनु पर्छ।

(ञ) "कार्यपालिका" भन्नाले मेलुङ गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्छ।

(ट) "कार्यालय" भन्नाले मेलुङ गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्छ ।

(ठ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ड) "धार्मिक विद्यालय" भन्नाले परम्परागत रुपमा चली आएका गोन्पा, गुरुकुल, आश्रम जस्ता धार्मिक विद्यालयहरूलाई जनाउँदछ ।

(ढ) "निरन्तर शिक्षा" भन्नाले साक्षरोत्तर शिक्षा पूरा गरिसकेका व्यक्तिलाई दिइने शिक्षा सम्झनु पर्दछ ।

(ण) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ।

(त) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रशासकीय प्रमुखको रुपमा काम गर्ने अधिकृतलाई सम्झनु पर्छ।

(थ) "शिशु स्याहार केन्द्र" भन्नाले २ देखि ३ वर्ष उमेर समूहका बालबालिकाको लागि शारीरिक, मानसिक र बौद्धिक विकास गर्न खोलिएका शिशु स्याहार केन्द्रलाई सम्झनु पर्छ।

(द) "प्रारम्भिक बाल विकास केन्द्र" भन्नाले ३ देखि ४ वर्ष उमेर पूरा भएका समूहका बालबालिकाको लागि शारीरिक, मानसिक र बौद्धिक विकास गर्न खोलिएका प्रारम्भिक बाल विकास केन्द्र वा शिशु कक्षा वा नर्सरी कक्षा वा किन्डर गार्डेन सम्झनु पर्छ।

(ध) "प्राविधिक तथा व्यावसायिक शिक्षा" भन्नाले प्राविधिक तथा व्यावसायिक शिक्षाको माध्यमबाट सीपयुक्त जनशक्ति उत्पादनका लागि दिइने माध्यमिक शिक्षा सम्झनु पर्दछ।

(न) "माध्यमिक विद्यालय" भन्नाले खण्ड (प) बमोजिम शिक्षा दिने विद्यालय सम्झनु पर्छ।

(प) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौ देखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनु पर्छ।

(फ) "विद्यालय शिक्षा" भन्नाले आधारभूत र माध्यमिक शिक्षा सम्झनु पर्छ।

(ब) "विशेष शिक्षा" भन्नाले दृष्टिविहीन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्त श्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी विशेष प्रकार र निश्चित माध्यमबाट दिइने शिक्षा सम्झनु पर्छ।

(भ) "शिक्षक" भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ।

(म) ''शिक्षा अधिकृत" भन्नाले गाउँपालिकाको शिक्षा शाखाको प्रमुख वा सो प्रमुखको कामकाज गर्न तोकिएको अधिकृतलाई सम्झनु पर्छ ।

(य) "शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नका लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ ।

(र) "समावेशी शिक्षा" भन्नाले देहायको शिक्षा सम्झनु पर्छ :-

(१) दृष्टिविहीन, न्यून दृष्टियुक्त, बहिरा, सुस्त श्रवण, अटिज्म, बौद्धिक, शारीरिक वा अन्य अपाङ्गता भएका बालबालिकालाई नियमित शैक्षिक पद्धतिको अधीनमा रही दिइने शिक्षा,

(२) सामाजिक, आर्थिक वा भौगोलिक कारणले पछाडि परेका व्यक्तिलाई विभेदरहित वातावरणमा दिइने शिक्षा ।

(ल) "संस्थागत विद्यालय" भन्नाले नेपाल सरकारबाट अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ ।

(व) "सामाजिक परीक्षण" भन्नाले विद्यालयको सामाजिक जिम्मेवारीको लेखाजोखा सम्झनु पर्छ ।

(श) "सामुदायिक विद्यालय" भन्नाले सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ ।

(ष) "सामुदायिक सिकाइ केन्द्र" भन्नाले समुदायस्तरमा सञ्चालन गरिने आजीवन सिकाइ, अध्ययन, अनुसन्धान र सीप सिकाइलगायतका काम गर्ने केन्द्रलाई सम्झनु पर्छ ।

## परिच्छेद -२

## शिक्षाको प्रकार, विद्यालयको वर्गीकरण र विद्यालय पूर्वाधारको मापदण्ड

**३. शिक्षाको प्रकार :** (१) गाउँपालिका क्षेत्रभित्र प्रदान गरिने शिक्षा देहाय अनुसारका हुनेछन् -

(क) औपचारिक शिक्षा

(ख) अनौपचारिक शिक्षा

(ग) विशेष शिक्षा

(२) औपचारिक शिक्षामा देहाय अनुसारका तह हुने छन् -

(क) दुईदेखि तीन वर्षका बालबालिकाको विशेष स्याहारका लागि खोलिएका बाल स्याहार केन्द्र,

(ख) तीन वर्ष पूरा भएका बालबालिकाका लागि शिशु विकास केन्द्र र चार वर्ष पूरा भएका बालबालिकाका लागि पूर्व प्राथमिक शिक्षा सहितको प्रारम्भिक बाल विकास केन्द्र,

(ग) पाँच वर्ष उमेर पूरा भएका बालबालिकाका लागि कक्षा एकदेखि उमेर अनुसार क्रमशः कक्षा आठसम्मको आधारभूत विद्यालय शिक्षा,

(घ) तेह्र वर्ष उमेर पूरा भएका बालबालिकाका लागि कक्षा नौदेखि उमेर अनुसार क्रमशः कक्षा बाह्रसम्मको माध्यमिक विद्यालय शिक्षा ।

(३) उपदफा (२) को खण्ड (घ) बमोजिमको माध्यमिक शिक्षामा देहायअनुसारको वर्गीकरण गरिनेछ :-

(क) साधारण माध्यमिक शिक्षा,

(ख) संस्कृत माध्यमिक शिक्षा,

(ग) प्राविधिक तथा व्यावसायिक शिक्षा ।

(४) उपदफा (३) को खण्ड (ग) बमोजिमको प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षामा व्यावहारिक तथा प्रयोगात्मक अभ्यासका लागि एक वर्ष अवधि थप हुनेछ ।

(५) अनौपचारिक शिक्षा : अनौपचारिक शिक्षाको व्यवस्थापन देहाय अनुसार गर्नुपर्ने छ ।

(क) गाउँपालिकाले विद्यालयमा भर्ना भई निरन्तर रुपमा शिक्षा हासिल गर्न नसक्नेहरुका लागि प्रौढ शिक्षा, साक्षरोत्तर र निरन्तर शिक्षाको व्यवस्था मिलाउनुपर्ने छ ।

(ख) गाउँपालिकाले अनौपचारिक शिक्षाका लागि आवश्यकता अनुसारको विधि तथा प्रक्रिया अपनाउन सक्ने छ ।

(६) विशेष शिक्षा : विशेष शिक्षाको व्यवस्थापन देहाय अनुसार गर्नु पर्नेछ ।

(क) गाउँपालिकाले दृष्टिविहीन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्त श्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी विशेष प्रकार र निश्चित माध्यमबाट शिक्षा दिने व्यवस्था मिलाउनु पर्ने छ ।

(ख) गाउँपालिकाको विशेष शिक्षा सम्बन्धित कार्यक्रमका लागि कुनै खास विद्यालयलाई छनौट गर्न सक्ने छ ।

४. **विद्यालयको वर्गीकरण :** (१) विद्यालयलाई देहाय अनुसार वर्गीकरण गरिने छ -

(क) **प्रारम्भिक बाल विकास केन्द्र**देखि कक्षा **आठ** सम्म कक्षा सञ्चालन गर्ने आधारभूत विद्यालय,

(ख) कक्षा **नौ** देखि कक्षा **बाह्र**सम्म कक्षा सञ्चालन गर्ने माध्यमिक विद्यालय ।

(२) उपदफा (१) बमोजिमका आधारभूत तहको विद्यालय र माध्यमिक तहको विद्यालय भौतिक पूर्वाधार, शिक्षक तथा विद्यार्थीको संख्या तथा स्रोतको उपलब्धताका आधारमा एउटै विद्यालय वा अलग अलग विद्यालयमा सञ्चालन गर्न सकिने छ ।

**५. विद्यालय पूर्वाधारको मापदण्ड :** (१) विद्यालयमा देहाय अनुसारको न्यूनतम मापदण्ड भएको हुनुपर्ने छ :-

(क) आधारभूत विद्यालयको कक्षा कोठामा प्रतिविद्यार्थी ०.७५ वर्गमिटर तथा माध्यमिक विद्यालयको कक्षा कोठामा प्रतिविद्यार्थी १.०० वर्गमिटर क्षेत्रफल र आवागमनका लागि पर्याप्त खुला ठाउँ हुनुपर्ने छ ।

(ख) अतिरिक्त क्रियाकलापका लागि विद्यालय भवनले ओगटेको भूभाग बाहेक पर्याप्त खुला क्षेत्र हुनुपर्ने छ ।

(ग) बालबालिकाका लागि उमेर अनुसारको खेलकुद पूर्वाधार हुनुपर्ने छ ।

(घ) पाठ्यक्रम अनुसारको प्रयोगात्मक परीक्षाको लागि आवश्यक प्रयोगशाला तथा अभ्यासकक्ष हुनुपर्ने छ ।

(ङ) कक्षा कोठामा अधिकतम चालीस जना विद्यार्थी राख्न सकिने छ ।

(च) कक्षा तीन सम्मको विद्यालय शिक्षा प्रदान गर्ने विद्यालयमा न्यूनतम दुई जना, कक्षा पाँचसम्म शिक्षा प्रदान गर्ने विद्यालयमा न्यूनतम तीन जना र सोभन्दा माथि शिक्षा प्रदान गर्ने विद्यालयमा प्रत्येक विषयका लागि न्यूनतम एक-एक जना शिक्षक हुनुपर्ने छ । विद्यार्थी सङख्या र कक्षाको सेक्सनका आधारमा शिक्षकले दैनिक अध्यापन गर्ने घन्टी सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(छ) छात्र तथा छात्राका लागि अलग अलग शौचालय तथा शौचालयमा पर्याप्त पानी हुनुपर्ने छ ।

(ज) विद्यालय परिसर सफा र हरियालीयुक्त हुनुपर्ने छ ।

(झ) विद्यार्थीका लागि कम्तीमा डेढ फिट चौडाइ र पाँच फिट लम्बाइ भएको डेस्क र सो डेस्कको आकार सुहाउँदो बेन्चको व्यवस्था गर्नुपर्ने छ । एउटा डेस्क बेन्चमा तीन जना विद्यार्थी राख्न सकिने छ ।

(ञ) कक्षा कोठामा पर्याप्त भेन्टिलेसन तथा प्रकाशको व्यवस्था हुनुपर्ने छ ।

(ट) विपद्को बेला विद्यार्थी शिक्षक तथा कर्मचारी सुरक्षित रुपमा बाहिर

निस्कने वैकल्पिक निकासको व्यवस्था गर्नुपर्ने छ ।

(२) छात्राबास राख्ने विद्यालयले उपदफा (१) का अतिरिक्त देहायका थप मापदण्ड पूरा गर्नुपर्ने छ :-

(क) छात्र तथा छात्राका लागि अलग अलग छात्रावास तथा अलग अलग वार्डेनको व्यवस्था भएको हुनु पर्नेछ ।

(ख) छात्रावासको कोठाको न्यूनतम क्षेत्रफल पन्ध्र वर्गमिटर हुनुपर्ने छ र एउटा कोठामा बढीमा तीन जना छात्र वा छात्रा अट्ने गरी खाट, टेबुल र कुर्सीको व्यवस्था हुनुपर्ने छ ।

(ग) छ जना छात्र वा छात्रा बराबर एक शौचालय तथा शौचालयमा पर्याप्त पानीको व्यवस्था हुनुपर्ने छ ।

(घ) छात्रावासमा बस्ने छात्र वा छात्राको उमेर दस वर्ष पूरा भएको हुनुपर्ने छ ।

तर वडा समितिको सिफारिसमा बाबु आमा वा अरु कुनै अभिभावक नभएका अनाथ वा अन्य विशेष परिस्थितिका दस वर्ष नपुगेका बालबालिकालाई छात्रावासमा राख्न सकिने छ ।

(३) विद्यालयले कार्ययोजना बनाई चार वर्ष भित्रमा उपदफा (१) र (२) मा तोकिएको विद्यालय तथा छात्रावासको न्यूनतम मापदण्ड पूरा गर्नु पर्नेछ । विद्यालयले सो कार्ययोजना यो ऐन लागू भएको ६ महिनाभित्रमा कार्यालयमा बुझाउनुपर्ने छ ।

(४) गाउँपालिकाले सामुदायिक विद्यालयमा उपदफा (१) र (२) बमोजिमको विद्यालयको न्यूनतम मापदण्ड पुऱ्याउन यो ऐन लागू भएको छ महिनाभित्रमा कार्ययोजना बनाई उपदफा (३) मा तोकिएको अवधिभित्र कार्यान्वयन गरिसक्नुपर्ने छ ।

(५) संस्थागत विद्यालयले उपदफा (१) र (२) बमोजिमको न्यूनतम मापदण्ड पुऱ्याउन यो ऐन लागू भएको ६ महिनाभित्रमा कार्ययोजना बनाई उपदफा

(३) मा तोकिएको अवधिभित्र आफैंले कार्यान्वयन गरिसक्नुपर्ने छ।

(६) उपदफा (५) बमोजिमको कार्ययोजनाको गाउँपालिकाले अनुगमन तथा मूल्याङकन गरी आवश्यक निर्देशन दिनसक्ने छ ।

(७) उपदफा (१) मा तोकिएको विद्यालयको न्यूनतम मापदण्ड पूरा नभएमा नयाँ विद्यालय खोल्न वा कक्षा थप गर्न पाइने छैन ।

## परिच्छेद -३

## विद्यालयको अनुमति, समायोजन, सञ्चालन, व्यवस्थापन तथा नियमन

६. **विद्यालय खोल्ने अनुमति सम्बन्धी व्यवस्था** : (१) समुदाय, व्यक्ति वा संस्थाले नयाँ विद्यालय खोल्न वा विद्यालयले तह वा कक्षा थप गर्न आवश्यक देखेमा अनुमतिका लागि वडा समितिको सिफारिस सहित शैक्षिक सत्र सुरु हुनुभन्दा कम्तीमा चार महिना अगावै गाउँ कार्यपालिकाको कार्यालयमा निवेदन दिनुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेको अवस्थामा शिक्षा अधिकृतले तोकिएको मापदण्ड पूरा भएको देखेमा आधारभूत विद्यालयको हकमा शैक्षिक सत्र सुरु हुनुभन्दा दुई महिना अगावै र माध्यमिक विद्यालयको हकमा शैक्षिक सत्र सुरु हुनुभन्दा कम्तीमा तीन महिना अगावै आफ्नो रायसहितको प्रतिवेदन गाउँ शिक्षा समितिको बैठकमा पेश गर्नुपर्ने छ ।

(३) उपदफा (२) बमोजिम गाउँ शिक्षा समितिको बैठकले अनुमति दिन उपयुक्त भएमा आवश्यक सर्तसहित अनुमति प्रदान गर्ने छ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्राविधिक शिक्षा प्रदान गर्ने वाहेक अन्य विद्यालयको कक्षा एघार र बाह्रको कक्षा थप र विषय थप गर्ने अनुमति सम्बन्धी व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ ।

(५) उपदफा (३) बमोजिम अनुमति दिँदा आधारभूत तहको हकमा शैक्षिक सत्र

सुरु हुनुभन्दा एक महिना अगावै दिनुपर्ने छ र माध्यमिक विद्यालयको हकमा शैक्षिक सत्र सुरु हुनुभन्दा दुई महिना अगावै अनुमति दिनुपर्ने छ ।

(६) विद्यालयहरूको अनुमति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने छ ।

(७) मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति सम्बन्धी प्रक्रिया र मापदण्ड प्रचलित कानुन बमोजिम हुनेछ ।

(८) धरौटी सम्बन्धी व्यवस्था : संस्थागत विद्यालय खोल्ने अनुमति लिँदा विद्यालय सञ्चालनको सुरक्षण बापत देहाय बमोजिमको रकम धरौटीको रुपमा राख्नुपर्दछ ।

क) माध्यमिक विद्यालयको लागि पाँच लाख रुपैया ।

ख) आधारभूत विद्यालयको लागि दुई लाख पचास हजार रुपैया दफा ६ को उपदफा ८ बमोजिमको धरौटी वापतको रकम कार्यपालिकाको धरौटी खातामा जम्मा गर्नुपर्ने छ ।

(९) सार्वजानिक शैक्षिक गुठी तथा नेपाल सरकारले अनुदान दिने निजामति, सैनिक, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, र प्रतिष्ठानहरुद्धारा सञ्चालित विद्यालयको सञ्चालन तथा व्यवस्थापन संस्थागत विद्यालयको ढाँचामा हुनेछ ।

(१०) विद्यालयको नाम राख्दा वा परिवर्तन गर्दा कुनै व्यक्ति विशेषको नाम, धार्मिक तथा जातिगत विशेष झल्किने नाम प्रकारको नाम राख्न पाइने छैन ।

७. **प्राविधिक तथा व्यावसायिक शिक्षाको अनुमति एवं रद्द गर्ने सम्बन्धी विशेष व्यवस्था** : (१) गाउँपालिकाले प्राविधिक तथा व्यावसायिक शिक्षाका लागि सम्बन्धन दिने अधिकार प्राप्त निकायबाट तोकिएको मापदण्ड र सो निकायको सम्बन्धनका आधारमा मापदण्ड पूरा गर्ने विद्यालय वा संस्थालाई कुनै विषयमा प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन गर्न अनुमति दिन सक्नेछ ।

(२) उपदफा (१) अनुसार अनुमति प्राप्त विद्यालय वा संस्थाले सन्तोषजनक रुपमा तोकिएका कार्य पूरा नगरेमा गाउँपालिकाले त्यस्तो अनुमति रद्द गर्नसक्ने छ । तर अनुमति रद्द गर्नु अघि त्यस्ता संस्थालाई सफाइको मौका दिनुपर्ने छ ।

८. **गाउँ शिक्षा समितिको गठन :** (१) गाउँपालिका क्षेत्रभित्रका विद्यालय शिक्षाको गुणस्तर सुधार, रेखदेख र व्यवस्थापन गर्न, आवश्यक नीतिगत सुझाव दिन देहाय बमोजिमको गाउँ शिक्षा समिति रहने छ :

(क) गाउँपालिका अध्यक्ष - अध्यक्ष

(ख) गाउँ कार्यपालिकाद्वारा मनोनित गाउँ कार्यपालिकाको एक सदस्य र एक दलित समेत गरी २ जना सदस्य - सदस्य

(ग) संयोजक, सामाजिक समिति, गाउँ कार्यपालिका - सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ङ) सामुदायिक विद्यालयमा कम्तीमा दस वर्ष स्थायी सेवा गरेका शिक्षकहरूमध्येबाट आधारभूत तह र माध्यमिक तहको प्रतिनिधित्व हुने गरी समितिको अध्यक्षद्वारा मनोनित कम्तीमा एक जना महिला सहित २ जना - सदस्य

(च) संस्थागत विद्यालयहरूको प्रतिनिधित्व गर्ने संस्थाहरूमध्येबाट समितिको अध्यक्षद्वारा मनोनित एक जना प्रतिनिधि - सदस्य

(छ) सामुदायिक विद्यालयका व्यवस्थापन समितिका अध्यक्षहरूमध्येबाट गाउँ शिक्षा समितिद्वारा मनोनित एक जना अध्यक्ष - सदस्य

(ज) समाज सेवी, शिक्षाविद् र चन्दादाताहरूमध्येबाट समितिद्वारा मनोनीत एक महिला सहित २ जना - सदस्य

(झ) नेपाल शिक्षक महासङघको गाउँ अध्यक्ष वा निजले तोकेको प्रतिनिधि - सदस्य

(ञ) शिक्षा अधिकृत वा निजको अनुपस्थितिमा प्रमुख

प्रशासकीय अधिकृतले तोकेको एक जना अधिकृत -सदस्य सचिव

(२) शिक्षा समितिको वैठक कम्तीमा प्रत्येक दुई महिनामा एक पटक वस्नुपर्ने छ।

(३) मनोनीत सदस्यको पदावधि मनोनित भएको मितिले दुई वर्षको हुनेछ।

तर मनोनीत सदस्यले आफ्नो पद अनुसारको आचरण पालना गरेको नपाइएमा मनोनयन गर्ने पदाधिकारी वा निकायले निजलाई जुनसुकै बखत हटाउन सक्नेछ, तर त्यसरी पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाइ पेश गर्ने मौका दिनुपर्ने छ।

९. **गाउँ शिक्षा समितिको काम, कर्तव्य र अधिकार** : दफा (८) बमोजिम गठित गाउँ शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहायअनुसार हुनेछ।

(क) गाउँपालिका क्षेत्रभित्र स्वच्छ एवम् शान्त शैक्षिक वातावरण कायम राख्न तथा शिक्षाको गुणस्तर वृद्धि गर्न आवश्यक कार्ययोजना स्वीकृत गर्ने,

(ख) विशेष आवश्यकता भएकाहरुका लागि शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा कार्यक्रम सञ्चालन सम्बन्धी आवश्यक व्यवस्था गर्ने,

(ग) विद्यालयलाई आर्थिक सहयोग उपलब्ध गराउन गाउँ कार्यपालिकामा सिफारिस गर्ने तथा विद्यालयहरूलाई क्रमशः आर्थिक रुपमा आत्मनिर्भर बनाउन योजना बनाई कार्यान्वयन गर्ने र गराउने,

(घ) शिक्षक, कर्मचारी तथा विद्यार्थी कल्याणका लागि स्वीकृत शिक्षा योजना बमोजिम कार्यक्रम बनाउने,

(ङ) विद्यालयको सम्पत्तिको सुरक्षा गर्न तथा विद्यालयको समृद्धिका लागि आवश्यक व्यवस्था गर्ने,

(च) विद्यालयको विकासका लागि सञ्चालित शैक्षिक कार्यक्रमहरूलाई सहयोग गर्ने,

(छ) विद्यालयको लेखापरीक्षण प्रतिवेदनअनुसार अनियमितता देखिएमा तोकिए अनुसारको कारबाही गर्ने/गराउने,

(ज) तोकिएको भन्दा न्यून विद्यार्थी सङ्ख्या भएमा वा विद्यालय नै नचाहिने भएमा वा बारम्बार विद्यालयमा नियम विपरीत कार्य भएमा आवश्यक प्रक्रिया पुऱ्याएर त्यस्ता विद्यालय बन्द गर्ने वा खारेज गर्न सक्नेछ ।

(झ) विद्यालयमा शैक्षिक गुणस्तर कायम गर्न आवश्यक योजना तयार गरी कार्यान्वयन गर्ने गराउने,

(ञ) गाउँपालिका क्षेत्रलाई उत्कृष्ट शैक्षिक गन्तव्य केन्द्रका रुपमा विकास गर्ने,

(ट) गाउँस्तरीय खेलकुद, स्काउट, सहक्रियाकलाप र अतिरिक्त क्रियाकलाप तथा साँस्कृतिक कार्यक्रमको सञ्चालन तथा  विकासका लागि आर्थिक स्रोत जुटाउने,

(ठ) आवासीय विद्यालयका विद्यार्थीका लागि खाना तथा पौष्टिक आहारको गुणस्तर तोक्ने,

(ड) गाउँ सभाबाट स्वीकृत शिक्षा योजना र मापदण्डभित्र रही आवश्यक निर्देशन दिने,

(ढ) विद्यालयले कायम गर्नुपर्ने न्यूनतम सरसफाइ तथा शौचालयको मापदण्ड तोक्ने,

(ण) प्रत्येक वर्ष आवश्यकतानुसार गाउँ क्षेत्रभित्रको दरबन्दी मिलान कार्य, शिक्षक सरुवा तथा नयाँ विद्यालय खोल्न वा कक्षा थप गर्न वा तह थपको अनुमति दिन वा विद्यालय समायोजनको आवश्यक व्यवस्था गर्ने,

(त) गाउँ क्षेत्रभित्र विशेष आवश्यकता भएका सडक तथा होटल मजदूर बालबालिकाहरूको तथ्याङ्क सङ्कलन गरी उनीहरूका लागि शिक्षाको आवश्यक व्यवस्था मिलाउने,

(थ) विद्यालय सुधार तथा विकासका लागि निर्देशन गर्ने,

(द) विद्यालयमा न्यूनतम पूर्वाधार पूरा गरेका विद्यालयलाई प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन गर्न अनुमति दिने ।

(ध) विद्यालयहरुको लेखापरीक्षकको नियूक्ति र पारिश्रमिक तोक्ने,

(न) शैक्षिक क्यालेण्डर बनाउने र सो बमोजिम विद्यालय सञ्चालन गर्न व्यवस्थापन समितिलाई निर्देशन दिने,

(प) गाउँ शिक्षा समितिको अन्य काम, कर्तव्य, अधिकार र बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ,

(फ) गाउँ शिक्षा समितिले आवश्यकता अनुसार कार्यदल, आयोग तथा समितिहरु गठन गर्न सक्ने छ । जसको अधिकार तोकिए बमोजिम हुनेछ।

१०. **वडा शिक्षा समितिः** (१) वडा क्षेत्रभित्र सञ्चालन हुने विद्यालयको व्यवस्थापन, रेखदेख र समन्वय गर्ने कार्यका लागि प्रत्येक वडामा देहाय बमोजिमको वडा शिक्षा समिति हुनेछ ।

(क) वडा अध्यक्ष - अध्यक्ष

(ख) सम्बन्धित वडा क्षेत्रभित्र रहेका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू मध्येबाट वडा अध्यक्षले मनोनित गरेको एकजना सदस्य - सदस्य

(ग) स्थानीय समाजसेवी वा शिक्षा प्रेमीहरूमध्येबाट वडा

समितिद्धारा मनोनित एकजना दलित र एकजना महिला सदस्य सहित दुई जना - सदस्य

(घ) सम्बन्धित वडा क्षेत्रभित्र रहेका सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापकहरू मध्येबाट सम्बन्धित वडा समितिले मनोनित गरेको एकजना प्रध्यानाध्यापक - सदस्य

(ङ) सम्बन्धित वडा स्थित विशेष शिक्षा, समावेशी शिक्षा वा स्रोत कक्षा सञ्चालन गर्ने विद्यालय वा अपाङ्गता सम्बन्धी शिक्षण संस्था मध्येबाट वडा समितिले मनोनित गरेको एक जना - सदस्य

(च) सम्वन्धित वडा सदस्यहरु मध्येवाट वडा समिति द्धारा मनोनित एक जान - सदस्य

(छ) सम्बन्धित स्रोत व्यक्ति वा निजको अनुपस्थितिमा वडा सचिव - सदस्य सचिव

(२) उपदफा (१) बमोजिम मनोनित सदस्यको पदावधि दुई वर्षको हुने छ ।

तर मनोनित सदस्यले आफ्नो पदअनुसारको आचरण पालना गरेको नपाइएमा मनोनयन गर्ने पदाधिकारी वा निकायले निजलाई जुनसुकै बखत हटाउन सक्ने छ । तर त्यसरी पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाइ पेस गर्ने मौका दिनुपर्ने छ ।

(३) वडा शिक्षा समितिको अन्य काम, कर्तव्य, अधिकार र बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुने छ।

११. **विद्यालय व्यवस्थापन समिति** : (१) सामुदायिक विद्यालयको सञ्चालन, सहजीकरण र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहने छ :

(क) अभिभावकहरूले आफूहरूमध्येबाट छानी पठाएका एकजना महिला सहित तीन जना अभिभावक - सदस्य

(ख) विद्यालय रहेको वडाको वडा अध्यक्ष वा निजले तोकेको वडा समितिका सदस्यहरूमध्येबाट एक जना सदस्य - सदस्य

(ग) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजीवी, शिक्षा प्रेमी वा विद्यालयलाई निरन्तर सहयोग गर्दै

आएको वा विद्यालयलाई पाँच लाख वा सोभन्दा बढी नगद वा जिन्सी सहयोग गरेका व्यक्तिहरू

मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एकजना महिला सहित दुई जना - सदस्य

(घ) व्यवस्थापन समितिले मनोनित गरेको सम्बन्धित

विद्यालयको संस्थापकहरुमध्येबाट एकजना - सदस्य

(ङ) विद्यालयका शिक्षकहरूले आफूहरूमध्येबाट छानी पठाएको एक जना शिक्षक - सदस्य

(च) विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

(२) विद्यालय व्यवस्थापन समितिका सदस्यहरूले उपदफा (१) को खण्ड

(क), (ग) र (घ) बमोजिमका सदस्यहरूले आफू मध्येबाट छानेको सदस्य सो समितिको अध्यक्ष हुनेछ।

(३) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनौट नभएसम्मका लागि वा अध्यक्षको अनुपस्थितिमा सो समितिका ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्ने छ।

(४) विद्यालय व्यवस्थापन समितिले सम्बन्धित विद्यालय निरीक्षक, स्रोत व्यक्ति लगायत सम्बन्धित सरोकारवाला पक्षलाई सो समितिको बैठकमा

पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्ने छ ।

(५) सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) विद्यालयको सञ्चालन, रेखदेख, निरीक्षण र व्यवस्थापन गर्ने,

(ख) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

(ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङक र विवरण अद्यावधिक गराई राख्ने,

(घ) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी गाउँ शिक्षा समितिलाई दिने,

(ङ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनीतिक, धार्मिक वा साम्प्रदायिक भावनाको आधारमा विद्यालयको वातावरण धमिल्याउन नदिने,

(च) कार्यालयबाट खटिएर आएका शिक्षकलाई हाजिर गराई कामकाजमा लगाउने,

(छ) प्रत्येक आर्थिक वर्ष समाप्त भएपछि गाउँ शिक्षा समितिको प्रतिनिधि, विद्यालयका चन्दादाता, संस्थापक, समाजसेवी, शिक्षाविद् र अभिभावकहरूको भेला गराई शैक्षिक उपलब्धि र आगामी वर्षको शैक्षिक कार्यक्रमहरुको सम्बन्धमा जानकारी गराउने र विद्यालयको अघिल्लो शैक्षिक वर्षको आय व्यय सम्बन्धमा तोकिए बमोजिम सामाजिक परीक्षण गराई गाउँ शिक्षा समितिले तोकेको लेखापरीक्षकबाट विद्यालयको वार्षिक लेखापरीक्षण गराउने,

(ज) लेखापरीक्षकको प्रतिवेदनअनुसार तत्काल आवश्यक कारबाही गर्ने र त्यसको प्रतिवेदन कार्यालयमा पेस गर्ने,

(झ) विद्यालयका लागि चाहिने आवश्यक आर्थिक स्रोत जुटाउने,

(ञ) शिक्षक तथा कर्मचारीलाई तालिमका लागि छनोट गर्ने,

(ट) रिक्त दरवन्दीमा शिक्षक पदपूर्तिका लागि पद रिक्त भएको मितिले पन्ध्र दिनभित्र शिक्षा शाखामा अनुमति माग गर्ने/गराउने,

(ठ) विद्यालय निरीक्षकले विद्यालयको निरीक्षण गर्दा हाजिरी पुस्तिका वा विद्युतीय हाजिरीमा गयल जनाएकोमा त्यस्ता गयल भएका शिक्षक तथा कर्मचारीको गयल भएको दिनको तलब कट्टी गर्ने,

(ड) विद्यालयमा लक्षित समूहका लागि विशेष प्रकृतिको शैक्षिक कार्यक्रम सञ्चालन गर्न आवश्यक देखिएमा कार्यालयमा अनुरोध गर्ने,

(ढ) मापदण्ड बनाई शिक्षक एवम् कर्मचारीलाई पुरस्कृत गर्ने,

(ण) तोकिए बमोजिम प्रक्रिया र सूचकहरुको आधारमा प्रत्येक वर्ष सामाजिक परीक्षण गराउने,

(त) शिक्षाको गुणस्तर कायम गर्ने सम्बन्धमा तोकिए बमोजिम पदाधिकारी रहेको बढीमा एघार सदस्य रहेको शिक्षक अभिभावक सङ्घ गठन गर्ने,

(थ) गाउँ शिक्षा समितिले दिएको निर्देशनको पालना गर्ने र गराउने ।

(द) विद्यालयलाई आर्थिक रुपमा आत्मनिर्भर बनाउनको लागि आन्तरिक तथा वैकल्पिक स्रोतहरुको पहिचान र परिचालन गर्ने, गराउने ।

(ध) विद्यालयको सुशासन अभिवृद्धि गराउन विद्यालयको समग्र गतिविधिलाई जवाफदेही, उत्तरदायी र पारदर्शी बनाउने ।

(न) विद्यालयको समग्र गतिविधिको सुपरीवेक्षण, अनुगमन र मूल्याङ्कन प्रणालीको विकास गरी सो अनुरुप कार्य गर्ने गराउने ।

(प) विद्यालयको वार्षिक गतिविधिबाट प्राप्त उपलब्धीहरु, सिकाइ तथा अनुभवहरुलाई दस्तावेजीकरण गरी संस्थागत गर्दै लैजाने ।

(६) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहाय अनुसारका सदस्यहरू रहेको एक विद्यालय

व्यवस्थापन समिति रहने छ :

(क) विद्यालय संस्थापक वा लगानीकर्ताहरू मध्येबाट निजहरुको सिफारिसमा अध्यक्षद्वारा मनोनित एक जना -अध्यक्ष

(ख) अभिभावकहरू मध्येबाट एकजना महिला रहने गरी अभिभावक भेलाबाट मनोनित दुई जना - सदस्य

(ग) स्थानीय शिक्षाप्रेमी वा समाजसेवीहरू मध्येबाट सम्बन्धित वडा समितिद्धारा मनोनित एकजना महिला सहित दुई जना - सदस्य

(घ) सम्बन्धित वडाको वडा सचिव वा निजले तोकेको कर्मचारी एक जना - सदस्य

(ङ) सम्बन्धित विद्यालयको शिक्षकहरूले आफूहरू मध्येबाट छानी पठाएको एक जना शिक्षक - सदस्य

(च) विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

(७) मनोनित सदस्यको पदावधि मनोनीत भएको मितिले दुई वर्षको हुनेछ।

तर निज सदस्यहरूले आफ्नो पदअनुसारको आचरण पालना नगरेको देखिएमा त्यसरी मनोनयन गर्ने पदाधिकारीले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ । त्यसरी पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाइ पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

**(८) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :**

(क) विद्यालय सञ्चालनको लागि प्राप्त स्रोत र साधनको परिचालन गर्ने,

(ख) विद्यालयका लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने,

(ग) विद्यालयको चल, अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

(घ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने,

(ङ) प्रचलित कानुन बमोजिम तोकिएको पाठ्यक्रम तथा पाठ्यपुस्तक लागू गर्ने,

(च) आयोगबाट अध्यापन अनुमतिपत्र लिई प्रचलित कानुनबमोजिम शिक्षक पदका लागि उम्मेदवार हुन योग्यता पूरा गरेका व्यक्तिलाई शिक्षक पदमा नियुक्त गर्ने,

(छ) नेपाल सरकार र प्रदेश सरकारलले तोकेको तलब स्केलमा नघटाई शिक्षकलाई तलब भत्ता उपलब्ध गराउने,

(ज) अनुशासनहीन शिक्षकउपर कारबाही गर्ने,

(झ) नेपाल सरकार र प्रदेश सरकारका  निर्देशनहरूको पालना गर्ने,

(ञ) कम्तीमा १०% बालबालिकाहरुलाई निशूल्क पठन पाठनको व्यवस्था गराउने ।

(ट) गाउँ शिक्षा समितिले निर्धारण गरको मापदण्डअनुसार शुल्क लिने र लिन लगाउने,

(ठ) तोकिए बमोजिम प्रक्रिया र सूचकहरुका आधारमा प्रत्येक वर्ष सामाजिक परीक्षण गराउने,

(ड) गाउँ शिक्षा समितिले दिएको आदेश तथा निर्देशनहरूको पालना गर्ने र गराउने ।

(९) विद्यालय व्यवस्थापन समितिको बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।

(१०) प्राविधिक तथा व्यावसायिक विषयमा अध्ययन वा तालिम गराउने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा गाउँस्तरका उद्योग तथा वाणिज्य संघका दुई जना प्रतिनिधि समेत सदस्य रहनेछन् ।

**१२. व्यवस्थापन समितिको पदाधिकारी हुन नसक्ने** : देहायको व्यक्ति व्यवस्थापन समितिको अध्यक्ष र सदस्य हुन सक्ने छैन

(क) गैर नेपाली नागरिक,

(ख) एकाइस वर्ष उमेर पूरा नभएको,

(ग) प्रचलित कानुन बमोजिम कालो सूचीमा परेको,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको,

(ङ) सरकारी पद धारण गरेको व्यक्तिहरु,

(च) अन्य विद्यालयको व्यवस्थापन समितिको अध्यक्ष वा सदस्य पदमा रहेको ।

**१३. विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिने** : (१) कुनै विद्यालय व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पूरा गर्न नसकेमा वा आर्थिक हिनामिना गरेमा गाउँ शिक्षा समितिले त्यस्तो विद्यालय व्यवस्थापन समितिलाई विघटन गर्न सक्नेछ।

तर त्यसरी विघटन गर्नु अघि उक्त समितिलाई आफ्नो सफाइ पेस गर्ने मनासिब मौका दिनुपर्ने छ।

(२) उपदफा (१) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म वडा शिक्षा समितिले कार्य गर्ने छ।

**१४. विद्यालय सार्न, समायोजन गर्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्ने** : (१) गाउँ शिक्षा समितिले सञ्चालन भइरहेका कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुईभन्दा बढी विद्यालयलाई समायोजन गरी एउटा विद्यालय कायम गर्न वा विद्यालयको नाम परिवर्तन गर्न वा विद्यालय बन्द गर्न वा तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा विद्यालयमा कक्षा थप वा तह थप गरी सञ्चालन गर्न अनुमति दिनसक्ने छ।

(२) कुनै विद्यालय समायोजन गर्ने आधार औचित्यपूर्ण नदेखिएमा गाउँ शिक्षा समितिले त्यस्तो विद्यालयको माथिल्लो तह वा कक्षा घटाउन सक्नेछ ।

(३) कुनै विद्यालय अर्को विद्यालयमा समायोजन भएमा त्यस्तो विद्यालयको चल अचल सम्पत्ति, फर्निचर, पाठ्यपुस्तक, पाठ्यसामग्री लगायतका अन्य शैक्षिक सामग्रीको विवरण अद्यावधिक गरी समायोजन पश्चात अस्तित्वमा रहने विद्यालयमा हस्तानान्तरण गरी जिन्सी दाखिला तथा अभिलेखमा आम्दानी बाँध्नुपर्ने छ ।

## परिच्छेद -४

## शिक्षक तथा कर्मचारीको दरबन्दी, सेवाको सर्त तथा योग्यता

**१५. शिक्षक तथा कर्मचारीको दरबन्दी सम्बन्धी व्यवस्था :** (१) विद्यालय व्यवस्थापन समितिले विद्यालयका लागि विद्यार्थी

सङ्ख्या र तोकिएको आधारमा आवश्यक दरबन्दी पहिचान गरी वडा शिक्षा समितिमा पेस गर्नुपर्ने छ र वडा शिक्षा समितिले आवश्यक निर्णय गरी कार्यालयमा लेखी पठाउनुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम माग भएको अवस्थामा वा कार्यालयले आवश्यक देखेको खण्डमा विद्यालयको भौतिक पूर्वाधार, विद्यार्थी सङ्ख्या, अध्ययन-अध्यापनका विषय तथा वित्तीय स्रोतको सुनिश्चितता समेतका आधारमा कार्यालयले सामुदायिक विद्यालयको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी विद्यालयलाई आवश्यक पर्ने दरबन्दीको प्रस्ताव तयार गरी गाउँ शिक्षा समितिमा पेस गर्नुपर्ने छ ।

(३) उपदफा (२) बमोजिम प्रस्तुत संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदनमा गाउँ शिक्षा समितिले जस्ताको त्यस्तै वा परिमार्जन सहित दरबन्दी स्वीकृत गर्नसक्ने छ ।

**१६. शिक्षकको सेवाको सर्त :** (१) शिक्षकका सेवा सर्तहरु देहाय बमोजिम हुने छन्:

(क) शिक्षकले आफू नियुक्त भएको विषयको अनिवार्य रुपमा अध्यापन गर्नुपर्ने छ ।

(ख) आफू विदा बस्नु परेको अवस्थामा विद्यालय प्रशासनसँग स्वीकृत लिनुपर्ने छ । साथै प्रधानाध्यापकको हकमा विद्यालय व्यवस्थापन समितिका अध्यक्षको स्वीकृत लिनुपर्ने छ । तर प्रधानाध्यापकले विद्यालय प्रशासनलाई जानकारी गराई दुई दिनसम्म क्याबि/पर्व विदा लिन सकिने छ ।

(ग) शिक्षकले विद्यालयको शैक्षिक पात्रो अनुरुप आफ्नो विषयको शैक्षणिक योजना विद्यालय प्रशासनबाट कार्यान्वयन गर्नुपर्ने छ ।

(घ) शिक्षकले तोकिएको आचारसंहिता पालना गर्नुपर्ने छ ।

(ङ) अन्य सर्त तोकिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिमको सेवाको शर्त पालना गर्नु शिक्षकको कर्तव्य हुनेछ ।

**१७. कर्मचारीको सेवाको शर्त :** (१) विद्यालयका कर्मचारीका सेवा सर्तहरु देहाय बमोजिम हुने छन् :

(क) विद्यालयमा नियमित उपस्थित भई दैनिक प्रशासनिक कार्य गर्नुपर्ने छ ।

(ख) विद्यालयका शिक्षक, कर्मचारी एवम् विद्यार्थीको लगत तथा अभिलेख अद्यावधिक बनाई राख्नुपर्न छ ।

(ग) आफू विदा बस्नु परेको अवस्थामा प्रधानाध्यापकसँग स्वीकृत लिनुपर्ने छ।

(घ) प्रधानाध्यापकले तोकेको विद्यालय प्रशासनसँग सम्बन्धित अन्य कार्य गर्नुपर्ने छ ।

(ङ) विद्यालय आचार संहिता पालना गर्नुपर्ने छ ।

(२) उपदफा (१) बमोजिमको सेवाको शर्त पालना गर्नु कर्मचारीको कर्तव्य हुनेछ ।

**१८. शैक्षिक योग्यता :** विद्यालयको शिक्षक तथा कर्मचारीको लागि चाहिने शैक्षिक योग्यता प्रचलित कानुन बमोजिम हुनेछ ।

**१९. शिक्षकलाई अन्य काममा लगाउन नहुने** : (१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासन सम्बन्धी कार्यमा बाहेक विद्यालयले अन्य कार्यमा लगाउन हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धी काम, प्राकृतिक प्रकोप उद्धार वा प्रचलित कानुन बमोजिमको अन्य काममा खटाउन सकिने छ ।

**२०. तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुने :** विदा स्वीकृत गराई बसेको वा शैक्षिक प्रयोजनका लागि काजमा रहेको वा दफा (१९) को उपदफा (२) अनुरुपको काममा खटिएको अवस्था बाहेक विद्यालयमा अनुपस्थित रहेको शिक्षकले अनुपस्थित अवधिको तलब, भत्ता पाउने छैन र त्यस्तो अवधि निजको सेवामा गणना हुने छैन ।

## परिच्छेद -५

## शिक्षक तथा कर्मचारीको नियुक्ति, वृत्ति विकास, सजाय तथा सेवाको सुरक्षा

**२१. शिक्षक तथा कर्मचारीको नियुक्ति सम्बन्धी व्यवस्था :** शिक्षक तथा कर्मचारी नियुक्त प्रचलित कानून बमोजिम प्रतिस्पर्धात्मक प्रणालीबाट मात्र गर्न सकिने छ ।

२२. **शिक्षकको सरुवा सम्बन्धी व्यवस्था** : (१) गाउँपालिका क्षेत्रभित्रको एक विद्यालयवाट अर्को विद्यालयमा, समान तह तथा विषय मिल्ने दरवन्दीमा शिक्षकको सरुवा गर्न सकिने छ ।

(२) शिक्षकको सरुवा सामान्यतया प्रत्येक शैक्षिक सत्रको पहिलो महिनामा गरिने छ ।

(३) एक पटक सरुवा भएको शिक्षकलाई सरुवा भएको विद्यालयमा सामान्यतया कम्तीमा दुई वर्ष सेवा अवधि पूरा नभई सरुवा गरिने छैन।

(३) सरुवा हुन चाहने शिक्षकले तोकिए बमोजिमको फाराम भरी कार्यालयमा निवेदन दिनुपर्ने छ।

(४) उपदफा (३) बमोजिम निवेदन प्राप्त भएमा कार्यालयले दरबन्दी रिक्त र विषय मिल्ने देखिएमा त्यस्तो शिक्षकलाई सरुवा गर्न सक्ने छ।

(५) माथि जुनसुकै कुरा लेखिएको भएतापनि कार्यसम्पादनको आधारमा गाउँ शिक्षा समितिले कुनै शिक्षकलाई जुनसुकै समयमा आफ्नो क्षेत्रभित्र सरुवा गर्नसक्ने छ।

२३. **अन्तर स्थानीय तह शिक्षक सरुवा सहमति सम्बन्धी** : अन्तर स्थानीय तह वा अन्तर जिल्ला सरुवाको लागि सरुवा भई जान चाहेको विद्यालय र सम्बन्धित स्थानीय तहको कार्यालय तथा आफू सेवारत विद्यालयको सरुवा सहमतिको सिफारिस सहित निवेदन पेस हुन आएमा र सामान्यतया दुई वर्ष स्थायी सेवा अवधि पूरा भएको शिक्षकलाई सरुवाको सहमति दिइनेछ।

२४. **करार शिक्षक नियुक्तिको अनुमति सम्बन्धी** : (१) विद्यालयमा रिक्त रहेको दरवन्दीमा शिक्षक नियुक्ति गर्न व्यवस्थापन समितिको निर्णय सहित कार्यालयमा विज्ञापनको लागि अनुमति माग भएमा शिक्षक नियुक्ति गर्ने प्रक्रिया अगाडि बढाउन अनुमति दिन सकिनेछ।

(२) उपदफा (१) बमोजिम अनुमति प्राप्त भएको अवस्थामा तोकिए बमोजिमको प्रतिस्पर्धा प्रणालीबाट मात्र करारमा शिक्षक नियुक्त गर्नुपर्ने

छ ।

२५. **सामुदायिक विद्यालयमा करार शिक्षक, छनोट तथा सिफारिस समिति :** (१) सामुदायिक विद्यालयमा करार शिक्षक नियुक्तिका लागि छनोट तथा सिफारिस गर्न गाउँ कार्यपालिकामा एक शिक्षक छनौट तथा सिफारिस समिति रहनेछः

(क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष - संयोजक

(ख) शिक्षा शाखा प्रमुख/विद्यालय निरीक्षक वा स्रोत व्यक्ति - सदस्य

(ग) सम्बन्धित विषयका विज्ञ दुई जना - सदस्य

(घ) विद्यालयको प्रधानाध्यापक -सदस्य सचिव

(२) करार शिक्षक छनौटको परीक्षा सञ्चालन कार्यालयले तोकेको स्थानहुने छ ।

(३) शिक्षक छनोट तथा सिफारिस समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) सामाजिक विकास समितिलाई करार शिक्षक नियुक्तिका लागि छनोट तथा सिफारिस समितिमा आमन्त्रित सदस्यको रुपमा बोलाउन सकिनेछ ।

२६. **सामुदायिक विद्यालयमा कर्मचारीको करार नियुक्ति सम्बन्धमा :** विद्यालय कर्मचारीहरूको करार नियुक्ति सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

२७. **शिक्षक तथा कर्मचारीको तालिम सम्बन्धी व्यवस्था :** गाउँ कार्यपालिकाले माग र आवश्यकताका आधारमा कार्यक्रम तथा कार्ययोजना बनाई तालिम सञ्चालन गर्न सक्नेछ ।

२८. **शिक्षक तथा कर्मचारीको सेवाको सुरक्षा :** विद्यालयका शिक्षक तथा कर्मचारीको सेवाको शर्त प्रचलित कानुन बमोजिम हुनेछ ।

**२९. शिक्षकको अनुशासन र आचरण** : विद्यालयल शिक्षकको अनुशासन र आचरण प्रचलित कानुनमा तोकिए बमोजिम हुनेछ ।

**३०. शिक्षक तथा कर्मचारीले गर्न नहुने गरी निषेध गरिएको** : (१) विद्यालयका शिक्षक तथा कर्मचारीले देहायका कार्य गर्न पाउने छैन :-

(क) प्रश्नपत्रको गोपनीयता भङ्ग गर्न,

(ख) उत्तरपुस्तिका परीक्षणमा लापरबाही वा गैर जिम्मेवारपूर्ण कार्य गर्न,

(ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृतिविना  प्रवेश गर्न,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गर्न,

(ङ) परीक्षाको मर्यादा भङ्ग हुने अन्यकुनै कार्य गर्न,

(च) विद्यार्थी भर्ना गर्दा दान, उपहार वा कुनै रकम लिन,

(छ) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गर्न,

(ज) विद्यालयको सम्पत्ति हिनामिना गर्न ।

(२) उपदफा (१) को कार्यगर्ने शिक्षक तथा कर्मचारीलाई गाउँ कार्यपालिकाले प्रचलित कानुनको प्रकृया अपनाई कारवाहीको प्रकृया अगाडि बढाउनुपर्ने छ ।

**३१. सजाय तथा पुनरावेदन :** विद्यालयका स्थायी शिक्षक तथा कर्मचारीको सजाय तथा पुनरावेदन सम्बन्धी व्यस्था प्रचलित कानूनमा उल्लेख भए बमोजिम हुनेछ ।

## परिच्छेद -६

## परीक्षा सञ्चालन र व्यवस्थापन तथा गुणस्तर मापन

३२. **गाउँ परीक्षा समिति** : (१) कक्षा ५, आधारभूत तह को अन्तमा र कक्षा १० को ल्याकत (Test) परीक्षाको सञ्चालन र व्यवस्थापनको लागि देहायको एक गाउँ परीक्षा सञ्चालन तथा व्यवस्थापन समिति रहनेछ।

(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) सामुदायिक तथा संस्थागत विद्यालयका शिक्षकहरू मध्येबाट गाउँ शिक्षा समितिको सिफारिसमा एक महिला सहित संयोजकद्वारा मनोनित दुई जना शिक्षक -सदस्य

(ग) संयोजकले तोकेको अधिकृत स्तरको कर्मचारी एकजना - सदस्य

(घ) शिक्षा अधिकृत वा निजको अनुपस्थितिमा संयोजकले तोकेको अधिकृत कर्मचारी - सदस्य सचिव

(२) मनोनित सदस्यको पदावधि मनोनित भएको मितिले दुई वर्षको हुने छ। तर मनोनित सदस्यको कार्य सन्तोषजनक नभएमा संयोजकले जुनसुकै समयमा हटाउन सक्नेछ ।

तर त्यसरी हटाउनु अघि त्यस्तो मनोनित सदस्यलाई सफाइको मौकाबाट बञ्चित गरिने छैन।

३३. **गाउँ परीक्षा समितिको काम, कर्तव्य र अधिकार** : (१) गाउँ परीक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) परीक्षा परिचालन सम्बन्धमा नीति निर्धारण गर्ने,

(ख) परीक्षा केन्द्र तोक्ने,

(ग) आवश्यकता अनुसार विद्यालयलाई समूहमा विभाजन गरी परीक्षा सञ्चालन गर्ने,

(घ) परीक्षाफल प्रकाशित गर्ने तथा परीक्षार्थीलाई प्रमाण पत्र दिने,

(ङ) बजेटको बाँडफाँड गर्ने, संस्थागत विद्यालयको परीक्षा शुल्क निर्धारण तथा परीक्षा सम्बन्धी काममा संलग्न व्यक्तिहरूको पारिश्रमिक निर्धारण गर्ने,

(च) कुनै परीक्षा केन्द्रमा अनियमितता भएमा आवश्यकता अनुसार परीक्षा बदर गरी पुनः परीक्षा गराउने वा त्यस्तो परीक्षा केन्द्र बन्द गर्ने,

(छ) प्राकृतिक प्रकोप वा कुनै विपद वा अन्य कुनै कारणबाट निर्धारित समयमा परीक्षा सञ्चालन गर्न वा परीक्षाफल प्रकाशित गर्न बाधा पर्न गएमा तुरुन्त आवश्यक निर्णय लिने,

(ज) गाउँ शिक्षा समितिबाट तोकिए बमोजिमका अन्य कार्य गर्ने।

**३४. परीक्षाको सञ्चालन र व्यवस्थापन सम्बन्धी व्यवस्था** : (१) गाउँ परीक्षा समितिले कक्षा ५, आधारभूत तहको अन्तमा र कक्षा १० को ल्याकत (Test) परीक्षाको सञ्चालन र व्यवस्थापन गर्नेछ।

(२) गाउँ शिक्षा समितिले माध्यमिक तहको परीक्षा सञ्चालनका लागि आवश्यक समन्वय गर्नुपर्ने छ ।

(३) उपदफा (१) र (२) वाहेकका परीक्षा सञ्चालन गाउँ परीक्षा समितिले निर्धारण गरेको मापदण्ड बमोजिम विद्यालयले गर्नेछ।

**३५. शैक्षिक गुणस्तर तथा सिकाइ उपलब्धी मापन सम्बन्धी व्यवस्था :** (१) विद्यालयले प्रत्येक शैक्षिक सत्रको पहिलो महिनाभित्र अघिल्लो शैक्षिक सत्रको परीक्षाफलको विश्लेषण गरी गाउँ शिक्षा समिति समक्ष पेश गर्नुपर्ने छ।

(२) गाउँ शिक्षा समितिले उपदफा (१) बमोजिम प्राप्त विश्लेषणको अध्ययन गरी शैक्षिक गुणस्तर बढोत्तरीका लागि आवश्यक सुधारको प्रक्रिया अगाडि बढाउनुपर्ने छ।

## परिच्छेद -७

## विविध

३६. **शिक्षाको माध्यम** : (१) विद्यालय शिक्षाको माध्यम नेपाली वा अंग्रेजी वा दुवै भाषा हुनेछ ।

(२) प्राथमिक शिक्षा मातृभाषामा दिन सकिनेछ ।

(३) भाषा विषयमा अध्यापन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ।

(४) अपाङगता भएका बालबालिकाको लागि तोकिए बमोजिम भाषाको माध्यम प्रयोग गर्न सकिनेछ।

३७. **शिशु स्याहार केन्द्र तथा प्रारम्भिक बाल विकास केन्द्र स्थापना :** (१) कुनै संस्था वा विद्यालयले शिशु स्याहार केन्द्र तथा प्रारम्भिक बाल विकास केन्द्र स्थापना गर्न चाहेमा अनुमतिका लागि सम्बन्धित वडा कार्यालयमा निवेदन दिनुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम निवेदन पर्न आएमा त्यस्तो निवेदनका सम्बन्धमा आवश्यक जाँचबुझ गर्दा शिशु स्याहार केन्द्र तथा प्रारम्भिक बाल विकास केन्द्र स्थापना गर्न तोकिएको मापदण्ड तथा प्रक्रिया पूरा भई अनुमति दिन मनासिब देखिएमा आवश्यक सर्त तोकी वडा शिक्षा समितिले अनुमति दिनसक्ने छ ।

तर गाउँपालिकालाई आर्थिक दायित्व पर्ने गरी यस्तो केन्द्र खोलिने भएमा गाउँ कार्यपालिकाको पूर्व स्वीकृत लिनुपर्ने छ ।

(३) कुनै संस्थाले उपदफा (२) बमोजिम तोकिएको सर्त अनुरूप शिशु स्याहार केन्द्र तथा प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन नगरेमा वडा शिक्षा समितिले त्यस्तो केन्द्रलाई दिएको अनुमति जुनसुकै बखत रद्द गर्नसक्ने छ । तर त्यसरी रद्द गर्नु अघि त्यस्तो संस्थालाई सफाइ पेस गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

३८. **विद्यालयको सम्पत्ति :** (१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिने छ।

(२) यस ऐन बमोजिम अनुमति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको चल अचल सम्पत्ति अन्य विद्यालयको काममा प्रयोगमा नआउने भएमा गाउँपालिकाले सामुदायिक वा सार्वजनिक हितका अन्य कार्यमा प्रयोग गर्नसक्ने छ।

(३) विद्यालयले कुनै व्यक्ति वा सङ्घसंस्थासँग दान दातव्यको रुपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि गाउँ कार्यपालिकाको स्वीकृति लिनुपर्ने छ।

३९. **विद्यालयलाई छुट र सुविधा** : (१) सामुदायिक विद्यालयको नाममा सम्पत्तिको लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर प्रचलित कानुन बमोजिम हुनेछ।

(२) शैक्षिक गुठीको रुपमा सञ्चालन हुने संस्थागत विद्यालयको सम्पत्तिको लिखत पारित गर्दा गाउँपालिकामा कुनै दस्तुर लाग्ने छैन।

४०. **शुल्क सम्बन्धी व्यवस्था** : (१) प्रचलित कानुनले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा शुल्क लिन पाउने छैन।

(२) संस्थागत विद्यालयले गाउँ शिक्षा समितिले तोकिएको मापदण्ड बमोजिम शुल्क निर्धारण गर्नुपर्ने छ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै अभिभावकले आफ्नो स्वेच्छाले सामुदायिक विद्यालयलाई दिएको दान, उपहार, चन्दा वा आर्थिक सहयोग लिन बाधा पर्ने छैन।

४१. **संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्ने** : (१) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कुल विद्यार्थी सङ्ख्याको कम्तीमा दस प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिमका विपन्न, अपाङ्गता भएका, महिला, दलित वा जनजाति, जेहेन्दार, अनाथ र असहाय विद्यार्थीलाई

निःशुल्क छात्रवृत्ति उपलब्ध गराउनुपर्ने छ । त्यसरी प्रदान गरिएको छात्रवृत्तिको विवरण विद्यालयमा सार्वजनिक गरी एक प्रति कार्यालयमा समेत पठाउनुपर्ने छ ।

(२) विद्यालयले उपदफा (१) बमोजिम छात्रवृत्तिको लागि विद्यार्थी छनौट गर्नेछ ।

(३) उपदफा (१) बमोजिमको छात्रवृत्तिको लागि विद्यार्थी छनोट गर्ने आधार तोकिए बमोजिम हुनेछ ।

४२. **विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्था** : (१) गाउँपालिकाले कुनै सामुदायिक विद्यालयमा विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा वा खुला शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ।

(२) विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा वा खुला शिक्षा सञ्चालन गर्ने पूर्वाधार तोकिए बमोजिम हुनेछ ।

(३) गाउँपालिकाले तोकिएको मापदण्ड पूरा गर्ने विद्यालयलाई विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा वा खुला शिक्षा मध्ये सञ्चालन गर्नका लागि अनुमति प्रदान गर्नसक्ने छ ।

(४) दूर शिक्षा, विशेष शिक्षा र समावेशी शिक्षाको सञ्चालन साधारण शिक्षा सरह हुनेछ ।

(५) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि दृष्टिविहीन, न्यून दृष्टियुक्त, बहिरा, सुस्त श्रवण, अटिज्म, बौद्धिक अपाङ्गता तथा श्रवण दृष्टिविहीन भएका बालबालिकाको लागि पाठ्यक्रम, पाठ्य पुस्तक र शिक्षण सिकाइ र मूल्याङ्कन प्रणालीमा फरक व्यवस्था गर्न सकिने छ ।

(६) सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्ने : गाउँपालिकाले समुदायमा साक्षरता सीप, विकास, निरन्तर सिकाइ समेतको काम गर्न तोकिय वामोजिम सामुदायिक सिकाइ केन्द्र संचालन गर्न सक्नेछ । यस्तो केन्द्रमा सामुदायिक पुस्तकालय, वाचनालय सञ्चालन गर्न

सक्नेछ ।

४३. **गुरुकुल, आश्रम, गुम्बा वा गोन्पा सम्बन्धमा :** (१) गुरुकुल, आश्रम, गुम्बा समेतका सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले सञ्चालन गर्ने शिक्षा सम्बन्धी नीति, पाठ्यक्रम, त्यस्ता संस्थालाई दिने अनुदान तथा समन्वय सम्बन्धी व्यवस्था प्रचलित कानुनले तोकिए बमोजिम हुनेछ ।

४४. **अतिरिक्त क्रियाकलाप सम्बन्धी व्यवस्था :** (१) विद्यालयहरूले गाउँ शिक्षा समितिले निर्धारण गरेको मापदण्ड बमोजिम अतिरिक्त क्रियाकलाप सञ्चालन गर्नुपर्ने छ ।

(२) सामाजिक विकास समितिमार्फत कार्यक्रममा समावेश गरी अन्तर विद्यालय प्रतिस्पर्धात्मक अतिरिक्त क्रियाकलाप सञ्चालन गर्नुपर्ने छ ।

(३) अन्तर विद्यालय प्रतिस्पर्धात्मक अतिरिक्त क्रियाकलाप सञ्चालन सम्बन्धी थप व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(४) विद्यालयहरूले प्रत्येक शुक्रबार अपराह्न पछिको समयमा अतिरिक्त क्रियाकलाप सञ्चालन गर्नुपर्ने छ ।

४५. **विद्यालय शिक्षक तथा विद्यार्थीको पोशाक सम्बन्धी व्यवस्था :** (१) गाउँपालिकाले सामुदायिक तथा संस्थागत विद्यालयका शिक्षक तथा विद्यार्थीको पोसाकमा एकरुपता ल्याउने गरी पोसाक निर्धारण गर्नसक्ने छ ।

सामुदायिक तथा संस्थागत विद्यालयले उपदफा (१) बमोजिम निर्धारण भएको पोशाकको पालना गर्नुपर्ने छ ।

४६. **प्रधानाध्यापकको छनोट, काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था** : प्रधानाध्यापकको नियुक्ति कार्य अवधि, अनुभव, योग्यता, तालिम र व्यवस्थापकीय क्षमता समेतका आधार मानी तोकिए बमोजिम छनोट गरिनेछ ।

१) माध्यममिक तह ० देखि १२ कक्षा सम्म सञ्चालित विद्यालयको प्रधानाध्यापक हुन स्नातकोत्तर उत्तीर्ण भई स्थायी शिक्षक हुनु पर्नेछ ।

सो नभएमा स्नातकोत्तर योग्यता प्राप्त शिक्षक मध्येबाट विद्यालय व्यवस्थापन समितिको सिफारीसमा गाउँ शिक्षा सिमितिबाट निमित्त प्रधानाध्यापक नियुक्ती गरिनेछ ।

२) माध्यममिक तह ० देखि १० कक्षा सम्म सञ्चालित विद्यालयको प्रधानाध्यापक हुन  स्नातक उत्तीर्ण  स्थायी शिक्षक हुनु पर्ने छ । सो नभएमा स्नातक योग्यता प्राप्त शिक्षक मध्येबाट विद्यालय व्यवस्थापन समितिको सिफारीसमा गाउँ शिक्षा सिमितिबाट निमित्त प्रधानाध्यापक नियुक्ती गरिनेछ ।

३) आधारभूत तह ० देखि ८ कक्षासम्म सञ्चालित विद्यालयको प्रधानाध्यापक हुन प्रमाण पत्र उत्तीर्ण भई स्थायी शिक्षक हुनु पर्ने छ । सो नभएमा प्रमाण पत्र योग्यता प्राप्त शिक्षक मध्येबाट विद्यालय व्यवस्थापन समितिको सिफारीसमा गाउँ शिक्षा सिमितिबाट निमित्त प्रधानाध्यापक नुिक्ती गरिनेछ ।

४) प्रधानध्यापक नियुक्ती हुनु पूर्व दुई वर्षीय विद्यालय सुधारको कार्ययोजना प्रस्ताव पत्र विद्यालय व्यवस्थापन समिति समक्ष पेश गर्नुपर्ने छ । निजले पेश गरेको कार्ययोजना बमोजिम कार्य सम्पादन नभएमा गाँउ शिक्षा समितिले प्रधानाध्यापक पदबाट हटाउन सक्नेछ । यसो गर्दा निजलाई सफाइ दिन मौकाबाट बन्चित गरीने छैन ।

५) प्रधानाध्यापकको कार्यअवधि २ वर्षको हुनेछ ।

४७. **पाठ्यक्रम र पाठ्य सामग्री** : (१) विद्यालयमा पठन पाठन हुने पाठ्यक्रम प्रचलित कानुन बमोजिम हुनेछ।

(२) गाउँपालिकाले सङघीय र प्रदेश कानुन प्रतिकुल नहुने गरी आफ्नो विशिष्ट आवश्यकता बमोजिमका थप पाठ्यकम बनाई लागू गर्नसक्ने छ । पाठ्यक्रमको मापदण्ड तोकिए बमोजिम हुनेछ ।

(३) कार्यालयले समयमा नै सहजरुपमा विद्यालयलाई पाठ्य पुस्तकको व्यवस्था गर्नेछ ।

४८. **विद्यालयको बिदा सम्बन्धमा** : (१) कार्यपालिकाले नेपाल सरकारले तोकेको सार्वजनिक बिदासँग तादात्म्य कायम हुने गरी विद्यालयको सार्वजनिक बिदा निर्धारण गर्नसक्ने छ ।

(२) विद्यालयले कार्यपालिकाद्धारा निर्धारण गरे बमोजिम एक शैक्षिक सत्रमा हिउँदे बिदा वा वर्षे बिदा वा दुवै गरी बढीमा पैंतालिस दिनसम्म बिदा दिन सक्नेछ ।

(३) विद्यालयले कार्यालयलाई जानकारी गराई एक शैक्षिक सत्रमा बढीमा ५ दिन स्थानीय आवश्यकता अनुसार विद्यालयमा बिदा दिन सक्नेछ ।

(४) माथि उल्लेखित उपदफा बाहेक अन्य दिन विद्यालय बन्द गरेमा प्रधानाध्यापकलाई विभागीय कारबाही गरिनेछ ।

४९. **अनुदान कटौती गरिने** : विद्यालयले तोकिएको अवधिसम्म शैक्षिक गुणस्तर कायम गर्न नसकेमा त्यस्तो विद्यालयलाई दिँदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौती गर्न सकिनेछ।

५०. **लेखापरीक्षण, बेरुजु अभिलेख, बेरुजु फछ्र्यौट र सम्परीक्षण** : विद्यालयको आय, व्यय र सम्पत्तिको आन्तरिक तथा अन्तिम लेखापरीक्षण, बेरुजू अभिलेख, बेरुजू फछ्र्यौट र सम्परीक्षण सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५१. **अनुमति लिनुपर्ने :** (१) कुनै संस्था वा व्यक्तिले शिक्षासँग सम्बन्धित देहायका सेवा सञ्चालनको लागि कार्यालयको अनुमति लिनुपर्ने छ :-

(क) विद्यार्थीका लागि शैक्षिक परामर्श सेवा,

(ख) कोचिङ कक्षा, भाषा शिक्षण कक्षा र निजी क्षेत्रमा सञ्चालित शिक्षक प्रशिक्षण कक्षा,

(२) उपदफा (१) का सेवालाई सेवा व्यवसायका रुपमा गाउँपालिकामा दर्ता गराई सञ्चालन गर्नुपर्ने छ ।

(३) सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीले विद्यालय समय बाहेक अन्य समयमा कुनै पनि सङ्घसंस्थामा कार्य गर्नु परेमा कार्यालयको पूर्व स्वीकृति लिनुपर्ने छ।

**५२. नियम, कार्यविधि तथा मापदण्ड बनाउने अधिकार :** (१) यस ऐनको कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यकता अनुसार नियमावली वा निर्देशिका वा कार्यविधि वा मापदण्ड बनाउन सक्नेछ।

**५३. खारेजी र बचाउ** : (१) यो ऐन बन्नु अघि कार्यपालिकाको निर्णयबाट भएका कार्य वा प्रचलित कानुन बमोजिम भएका कार्य स्वतः यसै ऐन बमोजिम भएको मानिने छ।

**आज्ञाले,**
**कृष्ण प्रसाद हुमागाईं**
**प्रमुख प्रशासकीय अधिकृत**

प्रमाणिकरण मिति : २०७५/०२/०७